नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र**
हरिहरभवन, ललितपुर।
☎ ९७७-०१-५४२१३५९
℻ ९७७-०१-५४२६२७६
इमेल: sqccnepal@gmail.com
वेभसाइट: www.sqcc.gov.np

प.सं. : सचिवालय/०७९/०८०
च.नं. ६४४

मिति:२०७९/१२/२

**विषय: Domain Expansion का लागि परीक्षण सम्बन्धमा ।**

श्री धानबालीका सूचीकृत जातको सिफारिस क्षेत्र बिस्तार (Domain Expansion) का लागि
योग्य आवेदकहरु सबै

प्रस्तुत विषयमा राष्ट्रिय बीउ बिजन समितिबाट स्वीकृत **"धान र मकैका खुला सेचित/वर्णशंकर जातहरुको सिफारिस क्षेत्र बिस्तार (Domain Expansion) सम्बन्धी मापदण्ड, २०७९"** बमोजिम नेपालमा सूचीकृत भएका धानबालीका खुला/वर्णशंकर जातहरुको Domain Expansion (सिफारिस क्षेत्र बिस्तार) का लागि विभिन्न भौगोलिक स्थानहरु (On-station and Farmers' Field Trial) मा जातीय परीक्षण गराउन ईच्छुक संस्था/निकायहरुले मिति २०७९ चैत्र २५ गते भित्र देहायका कागजात/विवरण सहित यस केन्द्रमा निवेदन पेश गरी Trial अनुमति पत्र र Import Permit लिई On-station परीक्षणका लागि आवश्यक बीउको नमूना (Sample) मिति २०८० बैसाख पहिलो हप्ता भित्र नेपाल कृषि अनुसन्धान परिषद्मा उपलब्ध गराउनुहुन जानकारी गराइन्छ । साथै, सिफारिस क्षेत्र बिस्तारका लागि गरिने परीक्षण स्थल, परीक्षण शुल्क, कृषक स्तरमा गरिने परीक्षण (Farmers' Field Trial) का लागि लिनुपर्ने तथ्याङ्क विवरणको ढाँचा समेत यसै सूचनासाथ संलग्न राखिएको व्यहोरा समेत अनुरोध गरिन्छ ।

**तपसिल**

**१. सिफारिस क्षेत्र बिस्तारका लागि पेश गर्नुपर्ने कागजातहरु**

क. निवेदन

ख. परीक्षणमा लैजाने जातको विवरण

| क स | बाली | जात | जात विकास गर्ने निकाय र देश | जात विकास गर्ने देशमा भएको testing sites को विवरण | | सिफारिस क्षेत्र बिस्तार सम्बन्धमा जात विकास गर्ने निकायको राय (आवश्यक देखिएमा) |
|---|---|---|---|---|---|---|
| | | | | Testing sites | उचाई | |
| | | | | | | |

ग. परीक्षण गरिने जातको DNA Fingerprint

घ. परीक्षण गरिने जातको Morphological Characteristics

ङ. परीक्षण गरिने जातको Breeder's Certificate

च. परीक्षण गरिने जातको Non GMO Declaration

छ. जात विकास गर्ने निकायबाट आयातकर्तालाई उपलब्ध गराइएको आधिकारिक बिक्रेता खुलेको पत्र

ज. आयातकर्ताको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

झ. संस्था दर्ता प्रमाणपत्र (नविकरण समेत)को प्रतिलिपि

ञ. करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

ट. बीउ बिजन व्यवसाय संचालनको अनुमति पत्रको प्रतिलिपि

ठ. जात विकास गर्ने निकायबाट Testing Sites तथा पैत्रिक लाईन तथा सम्भाव्य सिफारिस क्षेत्र सम्बन्धी विवरण (आवश्यक पर्ने भएमा) खुलेको आधिकारिक पत्र

**नोट:** यस अघि खास क्षेत्रको लागि सूचीकृत भएका जातहरुको हकमा सोही उचाईका अन्य क्षेत्रमा परीक्षण गराउन जात विकास गर्ने निकायबाट Testing Sites को विवरण पेश गर्नु पर्ने छैन ।

२०७९/१२/०२

**बेनु प्रसाद प्रसाईं**
**प्रमुख (रा.प.प्र.प्रा.)**

Scanned with CamScanner

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर।

☎ ९७७-०१-५४२१३५९
🖷 ९७७-०१-५४२६२७६
इमेल: sqccnepal@gmail.com
वेभसाइट: www.sqcc.gov.np

प.सं. : सचिवालय/०७९/०८०
च.नं.

२. परीक्षण गरिने On-station स्थल

| क स | परीक्षणका लागि जिम्मेवार निकाय | बाली | कैफियत |
|---|---|---|---|
| मध्य पहाडी क्षेत्र | | | |
| १. | पहाडी बाली अनुसन्धान कार्यक्रम, काब्रे, दोलखा | धान | On station |
| २. | राष्ट्रिय बाली प्रजनन् तथा आनुवंशिक अनुसन्धान केन्द्र, खुमलटार | धान | On station |
| ३. | कृषि अनुसन्धान केन्द्र, दैलेख | धान | On station |
| तराई क्षेत्र | | | |
| २. | राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम, धनुषा | धान | On station |
| ४. | कृषि अनुसन्धान निर्देशनालय, तरहरा | धान | On station |
| ५. | कृषि अनुसन्धान निर्देशनालय, खजुरा | धान | On station |

३. परीक्षण शुल्क

| क्र.स. | बाली | परीक्षण शुल्क प्रति जात (रुपैयाँ) | कैफियत |
|---|---|---|---|
| १. | वर्णशंकर/खुला सेचित मकैका जातहरु | • तराईका लागि मात्र: रु ८० हजार प्रति जात प्रति वर्ष ।<br>• पहाडका लागि मात्र रु ७० हजार प्रति जात प्रति वर्ष ।<br>• तराई र पहाड दुवैका लागि रु १५० हजार प्रति जात प्रति वर्ष | तराई क्षेत्रमा सिफारिस क्षेत्र बिस्तारका लागि खास अनुसन्धान केन्द्रमा परीक्षण गर्नु पर्ने भएमा निम्नानुसार हुने:<br>• धानको हकमा प्रति परीक्षण स्थल (On station) रु २६ हजार ६ सय ६७ रुपैया ।<br>• मकैको हकमा प्रति परीक्षण स्थल (On station) रु २० हजार रुपैया |

४. सिफारीस क्षेत्र विस्तारको Farmers' Field Trial मा कृषि प्राविधिक मार्फत् लिनु पर्ने तथ्याङ्क बिवरण (धान)

क. प्लट आकार:

- तराईमा कम्तीमा १०० वर्ग मिटर,
- रिभर बेसिन क्षेत्रहरु/पहाडका खोंचहरुमा कम्तिमा २० वर्ग मिटर
- मध्य पहाडी क्षेत्रमा कम्तिमा १२ वर्ग मिटर

ख. मुल्याङ्कन गरिने आधार/लिनु पर्ने तथ्याङ्क विवरण

- अन्न उत्पादन (मे. ट/हेक्टर)
- परालको उत्पादकत्व (मे ट/हेक्टर)
- बाली पाक्ने अवधि (दिन)
- बोटको उचाई (से.मी.)
- Number of effective tillers/hill

२०८३/१२/०८.
बेनु प्रसाद प्रसाई
प्रमुख (रा.प.प्र.प्रा.)

Scanned with CamScanner

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
☎९७७-०१-५४२१३५९
🖷९७७-०१-५४२६२७६
इमेलः sqccnepal@gmail.com
वेभसाइटः www.sqcc.gov.np
हरिहरभवन, ललितपुर।

प.सं. : सचिवालय/०७९/०८०
च.नं.

- बाली ढल्ने वा नढल्ने (१ देखि ५ को स्केलमा, १ भए नढल्ने र ५ भए ८० प्रतिशतभन्दा बढी ढलेको अवस्था)
- रोगको समस्या (छ वा छैन)
- यदि रोगको समस्या छ भने बढी प्रकोप देखिएको रोगको नाम तथा रोग देखिदा बालीको अवस्था
- कीराको समस्या (छ वा छैन)
- यदि कीराको समस्या छ भने बढी प्रकोप देखिएको कीराको नाम तथा कीरा देखिदा बालीको अवस्था
- मलखाद प्रयोगको मात्र
- सिचाई गरिएको वा नगरिएको (गरिएको भए कति पटक बालीको कुन अवस्थामा)
- दाना (Grain) को प्रकार (मोटो/मध्यम/मसिनो/मसिनो र बासनादार आदि)
- अन्नको Cooking Quality (मीठो/नमिठो/अन्य जस्तै सामान्य)
- जात सम्बन्धमा कृषकको समग्र प्रतिक्रिया
- बालीको विभिन्न अवस्थाका रंगिन फोटोहरु

**ग. सिफारिस क्षेत्र बिस्तारका लागि गरिने कृषक स्तरमा गरिने परीक्षण (Farmer's Field Trial) को प्रक्रिया र परीक्षण स्थल**

- Farmers' Field Trial गर्दा on station स्थल आसपास र सिफारिस क्षेत्र बिस्तार गरिने क्षेत्रको Elevation, Cropping System, Soil and Agro ecological Domain आदिको स्पष्ट प्रतिनिधित्व गर्ने हुनु पर्नेछ ।
- Farmers' Field Trial स्थल सबैले देख्न सक्ने एवम् परीक्षण स्थलमा सजिले जान सकिने स्थानमा संचालन गर्नु पर्नेछ ।
- Farmers' Field Trial गर्दा बुँदा नं २ अनुसार हुने गरी सिफारिस क्षेत्र बिस्तारका लागि छनौट गरेको स्टशेनहरु मध्ये प्रति स्टेशन कम्तिमा ३ जना कृषकको खेतमा संचालन गर्नुपर्नेछ।
- सिफारिस क्षेत्र बिस्तारका लागि गरिने कृषक स्तर परीक्षणका लागि आवश्यक सम्पूर्ण व्यवस्थापन सम्बन्धित आवेदक/परीक्षण गराउन चाहने निकाय वा संस्थाले नै गर्नुपर्नेछ ।
- परीक्षण व्यवस्थापन गर्दा परीक्षण गरेका जातहरु तथा परीक्षण विवरण खुल्ने गरी परीक्षण स्थलमा होर्डिगं बोर्ड राखेको हुनुपर्नेछ ।
- परीक्षण गर्ने निकाय वा संस्थाले कृषक स्तरमा परीक्षण गरिएको सम्पूर्ण विवरण (परीक्षण स्थल, परीक्षण गर्ने किसान, बीउ छरेको वा रोपेको मिति, परीक्षण व्यवस्थापनमा संलग्न प्राविधिक तथा सम्पर्क नं आदि) परीक्षण थालिएको १५ दिन भित्र राष्ट्रिय बीउ विजन समितिको सचिवालयमा जानकारी गराउनुपर्नेछ ।

२०८१।१।०२.
बेनु प्रसाद प्रसाई
प्रमुख (रा.प.प्र.प्रा.)

Scanned with CamScanner

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र

☎९७७-०१-५४२१३५९
🖷९७७-०१-५४२६२७६
इमेलःsqccnepal@gmail.com
वेभसाइटः www.sqcc.gov.np
हरिहरभवन, ललितपुर।

प.सं. : सचिवालय/०७९/०८०
च.नं.

- कृषक स्तरमा गरिएको परीक्षणको अनुगमन बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, ने. कृ.अ. परिषद् र अन्तरगतका अनुसन्धान केन्द्रबाट परीक्षणका दौरान जुनसुकै बखत हुन सक्नेछ र अनुगमन कार्यका लागि आवश्यक सहजीकरण सम्बन्धित आवेदकले गर्नु पर्नेछ ।
- सम्बन्धित आवेदक/ परीक्षण गराउन चाहने निकाय वा संस्थाले कृषक स्तरमा हुने परीक्षणको कृषि प्राविधिकबाट लिइएको तथ्याङ्क/विवरण तथा बाली अवस्था देखिने फोटो समेत सम्बन्धित बाली अनुसन्धान कार्यक्रममा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

२०८३/११/०२

बेनु प्रसाद प्रसाईं
प्रमुख (रा.प.प्र.प्रा.)

**बोधार्थ**

श्रीमान् निर्देशकज्यू (बाली तथा बागवानी)
नेपाल कृषि अनुसन्धान परिषद्, सिंहदरबारप्लाजा ।

श्री राष्ट्रिय बाली प्रजनन् तथा आनुवंशिक अनुसन्धान केन्द्र
खुमलटार, ललितपुर ।

श्री राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम
हर्दिनाथ, धनुषा

Scanned with CamScanner